# सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

## सानीभेरी राजपत्र

खण्डः ७ संख्या :१२ मितिः २०८०/११/०१


# भाग-१

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

।

## सानीभेरी गाउँपालिका शिक्षा ऐन २०७४ प्रथम संशोधन २०८०

प्रस्तावना सानीभेरी गाउँपालिकाको शिक्षा ऐन २०७४ (यस पछि मूल ऐन भनी नामाकरण गरिएको ) लाई संसोधन गर्न बान्छनीय भएकोले सानीभेरी गाउँपालिकाको गाउँसभाले शिक्षा ऐन २०७४ लाई देहाय बमोजिम संसोधन गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**(१)यस ऐनको नाम सानीभेरी गाउँपालिका शिक्षा ऐन प्रथम संसोधन ऐन २०८० रहेको छ ।

(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.मूल ऐनको दफा १०,११ रुपमा देहायको दफा थप गरिएको छ ।**

**दफा१०(क) विद्यालय ब्यवस्थापन समिति विघटन गर्न सकिने :**(१) कुनै विद्यालयको ब्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सोको कारण खुलाइ गाउँपालिकाले त्यस्तो विद्यालय

ब्यवस्थापन समितिलाई तोकिएको प्रक्रिया पुर्याई विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय ब्यवस्थापन समितिलाइ आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय ब्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय ब्यवस्थापन समिति गठन नभएसम्मका वा अन्य कुनै कारणले विद्यालय ब्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँपालिकाले एक अस्थायी विद्यालय ब्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**दफा११(क) स्रोत ब्यक्ति सम्वन्धी ब्यवस्था:** (१) सानीभेरी गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुबाट स्नात्तोकर उपाधि हासिल गरेका स्थायी शिक्षकहरुमध्येबाट आवश्यकतामा आधारमा गाउँपालिका अन्तर्गत काजमा राखी स्रोत ब्यक्तिको रुपमा खटाउन सक्नेछ ।

(२) स्रोत ब्यक्तिका काम कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछन ।

**दफा ११(ख) विद्यालयको विनियम सम्वन्धी ब्यवस्था:** (१) प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य मूल्य मान्यता सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयबस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराइ लागु गर्नुपर्ने छ ।

(२) अभिभावक सभाले विनियम आवश्यकतानुसार संसोधन गर्न सक्नेछ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु ब्यवस्थापन समिति प्रधानाध्यापक लगायत सम्पुर्ण परिवारको कर्तब्य हुनेछ ।

(४) अद्यावधिक विनियमको प्रतिलिपि पारित भएको मितिबाट ७ दिनभित्र ब्यवस्थापन समितिले गाउँपालिका र सम्वन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो सरोकारवाला जो कोही हेर्न पाउने छ ।

**१३(क) दरबन्दी मिलान सम्वन्धी ब्यवस्था:** (१) यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा हरेक बर्ष शिक्षक कर्मचारी बालविकास सहयोगी कार्यकर्तारुको दरबन्दी गाउँ शिक्षा समितिले मिलान गर्न सक्नेछ ।

(२) दरबन्दी मिलानको क्रममा शिक्षक तथा कर्मचारीको सरुवा गर्न आवश्यक परेमा गाउँ शिक्षा समितिले सरुवा गर्न सक्नेछ ।

**<u>१३(ख) स्वयमसेवक परिचालन सम्वन्धी ब्यवस्था:</u>** (१) आवश्यक विषयमा कम्तिमा स्नातक उपाधि हासिल गरेका स्नातकहरुलाई गाउँ विकासमा सहभागी गराउन गाउँपालिकाले त्यस्तो स्नातकलाई शैक्षिक स्वयमसेवकको रुपमा परिचालन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम स्वयमसेवा प्रदान गर्ने स्नातकलाई आवश्यक तालिम तथा निर्वाहका लागि प्रतिमहिना निर्वाह खर्च उपलब्ध गराउन सक्नेछ ।

(३) स्वयमसेवकले सम्झौता बमोजिम काम गर्दा सम्झौता बमोजिम पाउने सुविधा र उपदफा (२) बमोजिम पाउने निर्वाह खर्च बाहेक अन्य कुनै पारिश्रमिक र रकम पाउनेछैन ।

(४) स्वयमसेवाको अवधि बढीमा २ बर्षको हुनेछ ।

(५) सम्झौता बमोजिम कार्य सम्पादन गर्ने स्वयमसेवकलाई गाउँपालिकाले स्वयमसेवा पुरा गरेको प्रमाणपत्र दिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि कुनै बिषयमा अध्ययन पुरा गरी उपाधि प्राप्त गर्न आवश्यक ब्यवहारिक अभ्यास इन्टर्नशीपर तोकिएको शर्त पुरा गरी स्वेच्छाले थप ब्यवहारिक अभ्यास गरेकोमा त्यसरि थप गरेको थप ब्यवहारिक अभ्यासको अवधिलाई पनि स्वयमसेवा गरेको मानिनेछ ।

(७) स्वयमसेवा परिचालन गर्दा गाउँपालिकाले स्वयमसेवा परिचालनमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा ख्याति प्राप्त संस्थाहरुसंग सहकार्य र समन्वय गर्न सक्नेछ ।

(८) स्वयमसेवा संचालन तथा परिचालन सम्वन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

**<u>१३(ग) बाल क्लब :</u>** (१) हरेक विद्यालयमा विद्यार्थीहरुको नेतृत्व र क्षमता वृद्धि गर्न तथा उनीहरुको विद्यालयहरु प्रति अपनत्वको भावना विकास गर्न र सवाङ्गीण विकासमा सहयोग पुर्याउन बाल क्लबको गठन गरिनेछ ।

(२) बालक्लबको गठन विधि प्रक्रिया काम कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**<u>१३(घ) तेस्रो पक्ष मूल्याङकन:</u>** यस गाउँपालिका क्षेत्र भित्र संचालित सम्पुर्ण वा कुनै एक शैक्षिक कार्यक्रमको मूल्याङकन तेस्रो पक्षबाट गराउन सकिनेछ । यस सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३(ङ) प्राविधिक शिक्षालय संचालन गर्न सक्ने :** गाउँपालिकाले आफ्नै लगानीमा वा साझेदारीमा गैर नाफा मुलक प्राविधिक शिक्षालय संचालन गर्न सक्नेछ ।यसरी संचालन गर्दा विश्वविद्यालय वा सिटीइभिटी वा अन्य आधिकारिक सरकारी निकाय बाट सम्वन्धन प्राप्त गर्नुपर्नेछ ।यस सम्वन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३(च) लेखा र लेखापरिक्षण:** विद्यालयले प्रचलित कानुनको अधिनमा रही लेखा राख्नुपर्नेछ ।आन्तरिक लेखा परिक्षण सामाजिक लेखा परिक्षणको अतिरिक्त गाउँपालिकाको आन्तरिक लेखा परिक्षकबाट हुनेछ भने अन्तिम लेखा परिक्षण तोकिए बमोजिम हुनेछ ।

**१३(छ) गाउँपालिकाको काम कर्तब्य र अधिकार :** गाउँपालिकाको काम कर्तब्य र अधिकार काम

कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछन ।

**१३(ज) प्रमुख प्रशासकीय अधिकृतको काम कर्तब्य र अधिकार** :प्रमुख प्रशासकीय अधिकृतको काम कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछन ।

**१३(झ) शिक्षा अधिकृतको काम कर्तब्य र अधिकार:** शिक्षा अधिकृतको काम कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछन ।

**१३(ञ) गाभिएर बन्द भएका विद्यालयको सम्पतिको ब्यवस्थापन दफा:** (१) दफा१३ बमोजिम गाभिने विद्यालयको सम्पति र हक हिस्सा गाभिनु अगाडी गाउँपालिकाको नाममा हस्तान्तरण भएको हुनुपर्नेछ ।

उपदफा (१) बमोजिम गाभिने विद्यालयहरुमा रहेको चल अचल सम्पति फर्निचर पाठ्यपुस्तक पाठ्यसामाग्री लगायतका अन्य शैक्षिक सामाग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्नेछ ।

**दफा ३८ शैक्षिक सुधारका निम्ति देहायबमोजिमका विषयमा निर्देशिका बनाई लागु गर्न सकिनेछ ।**

(क) असल शिक्षक प्रोत्साहन
(ख) अनाथ एवम सडक बालबालिका शैक्षिक सहयोग
(ग) विपन्न समुदायका लागि बालबालिका लागि शैक्षिक सहयोग एवम दिवा खाजा
(घ) एकमुष्ठ अनुदानमा आधारित विद्यालय संचालन
(ङ) नमुना विद्यालय छनौट र विकास
(च) गरिबीको रेखामुनी रहेका बालबालिकाका लागि शैक्षिक सहयोग प्रोत्साहन

(छ) शिक्षक दरबन्दी ब्यवस्थापन एवम मिलान

(ज) विद्यार्थीका लागि सह तथा अतिरिक्त क्रियाकलाप संचालन

(झ) शैक्षिक क्यालेन्डर तथा शैक्षिक पुस्तिका प्रकाशन

(ञ) भौचर प्रणालीमा आधारित शिक्षा

(ट) गाउँशिक्षा परिषद गठन

(ठ) गुणस्तरीय शिक्षाका लागि अनुदान

(ड) अनिवार्य शिक्षा कार्यन्वयन

(ढ) एक माध्यमिक विद्यालय एक संकायलाई प्रोत्साहन

(ण) विद्यार्थी संख्या अभिवृद्धि कार्यक्रम

(त) अन्तरविद्यालय सहयोग कार्यक्रम

(थ) विशेष विद्यालय संचालन

(द) मन्टेश्वरी तथा चाइल्ड केयर संचालन

दफा ३९. तर त्यस्तो आदेश ६ महिनाभित्र गाउँसभाले अनुमोदन नगरेमा स्वत निष्क्रिय हुनेछ ।

दफा ४०. भष्टाचार निवारण ऐन २०१७ सट्टा भष्टाचार निवारण ऐन २०५९ राखिएको छ ।

दफा ४० (४)संघीय शिक्षा ऐन र प्रादेशिक शिक्षा ऐन संग बाझिएका दफा तथा उपदफाहरु बाझिएको हकमा स्वत निष्क्रिय हुनेछन ।

आज्ञाले

दिपक बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत